सुनिलस्मृति गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

सुलीचौर, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

प.सं.: २०८१/८२
मिति २०८२/०२/१९

च.नं.: 2226
ने.स.११४५ तछलाथ्व

श्री बिषयगत शाखाहरु सबै,
श्री वडा कार्यालयहरु सबै,
श्री उपभोक्ता समितिहरु सबै,
श्री निर्माण व्यावसायी तथा सरोकारवाला सबै।

विषयः आर्थिक कारोबार बन्द हुने सम्बन्धमा।

प्रस्तुत बिषयमा यस सुनिलस्मृति गाउँपालिका आर्थिक बर्ष २०८१/८२ का लागि स्विकृत बार्षिक योजना तथा कार्यक्रमहरु कार्यान्वयनका लागि यस गाँउपालिकासँग सम्झौता गरी सन्चालनमा रहेका योजना तथा कार्यक्रमहरु आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६, र नियमावलि, २०७७ को नियम ३० अनुसार स्थानिय सन्चित कोष व्यवस्थापन प्रणालि (SuTRA) मा हिसाब भिडान गर्नुपर्ने, भुक्तानिका लागि काटिएका सबै प्रकारका करकट्टि रकमहरु चालु आ.व.भित्र वैकमा दाखिला गरिसक्नु पर्ने, साथै संघीय तथा प्रदेश सरकारमा फिर्ता गर्नुपर्ने बचत अनुदान रकम फिर्ता गरी सोको भौचर कोष तथा लेखा नियन्त्रक कार्यालयमा बुझाई हिसाब भिडानसमेत गर्नुपर्ने भएकोले चालु कार्यक्रमको हकमा मिति २०८२/०२/३० गते भित्र र पुँजिगत योजनाको हकमा मिति २०८२/०३/१० गते भित्र सम्झौता बमोजिमका सम्पूर्ण कार्यहरु सम्पन्न गरी नियमानुसार भुक्तानिका लागि फाईल पेश गरी अनिवार्य भुक्तानि लिइसक्न सम्बन्धित सबैमा हार्दिक अनुरोध छ। साथै तोकिएको समयसिमा भित्र भुक्तानिका लागि पेश नभएका फाइलहरुको भुक्तानि हुन बाँकी रहेमा कार्यालय जवाफदेहि नहुने र स्वंय व्यक्ति, फर्म, उपभोक्ता समिति तथा निर्माण व्यावसायीहरु आफै जिम्मेवार तथा जवाफदेही हुनुपर्ने सम्पूर्ण सरोकारवालाहरुलाई जानकारीका लागि अनुरोध छ।

मधुसुदन गैरे
लेखा अधिकृत

नगेन्द्र प्रसाद रिजाल
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ
श्री अध्यक्ष ज्यू सुनिलस्मृति गाउँपालिका।
श्री उपाध्यक्ष ज्यू सुनिलस्मृति गाउँपालिका।
श्री सूचना प्रविधि शाखा website मा राख्नुहुन र सूचना प्रवाह गर्नुहुन।